# सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढि नगरपालिका वडा नं. – १ मा भीडबाट लडेर १ को मृत्यु

यहि मिति २०७४।०२।२९ गते जिल्ला सिन्धुपाल्चोक जुगल गाउँपालिका वडा नं.-२ घर भई अन्दाजी वर्ष ७० को दल बहादुर सिलवाल छोरीको घर (चौतारा साँगाचोक न.पा.-१ गौरती) जान्छु भनि हिडेकोमा आज मिति २०७४।०३।०१ गते अन्दाजी १७:४५ बजेको समयमा ऐ. चौतारा साँगाचोकगढी नं.पा – १ स्थित भेडाबारी भन्ने स्थानमा भीरबाट अन्दाजी १०० मिटर तल खस्न गई मृत अवस्थामा छ भन्ने खबर स्थानीयबासी मार्फत यस जिल्ला प्रहरी कार्यालयमा जानकारी भएको र जानकारी प्राप्त हुनासाथ यस कार्यालयबाट प्र.ना.नि को कमाण्डमा ५ जनाको टोली खटिगएको, उक्त स्थान यस कार्यालयबाट अन्दाजी ४ किलोमिटर पश्चिम पर्ने अवगत गरिन्छ।

स्रोत : जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र, चौतारा साँगाचोकगढि नं.पा सिन्धुपाल्चोक